कार्यपालिकाको वैठक संख्याः-६९

आज मिति २०८२/०१/१५ गतेका दिन विहान [illegible] बजे यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः-

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | [signature] |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | [signature] |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | [signature] |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | [signature] |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | [signature] |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | [signature] |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | [signature] |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | [signature] |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | [signature] |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | [signature] |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | [signature] |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | [signature] |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | [signature] |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | [signature] |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री काशिराम पन्थी | [signature] |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री हिमा घर्ती | [signature] |

पो.अ. गोपाल व. सेन ओली। — [signature]
प्रशासन सहायक पाँचौ श्री पवित्रा सत्याल [signature]
आर्थिक प्रशासन शाखा प्रमुख श्री राम कुमार के.सी. [signature]
व.कृ.अ. श्री बाबुराम पोखरेल [signature]

प्रस्तावहरुः-

१. करारका कर्मचारीहरुको सम्बन्धमा,

२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तरगतका आयोजनारुको विनियोजित रकम सम्बन्धमा,

३. गरिव परिवार पहिचान परिचयपत्र वितरण सम्बन्धमा,

४. जिर्ण हुलाक घर मर्मत संभार सम्बन्धमा,

५. ललितपुर महानगरपालिकाका नगर प्रमुख श्री चिरिवावु महर्जनको स्वागत सत्कार तथा मन्दिर उदघाटन सम्बन्धमा

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | लुम्विनी प्रदेश सरकारबाट जारी स्थानीय सेवा निजामती सेवा ऐन तथा नियमावलीले गरेको नीतिगत व्यवस्था बमोजिम पद सिर्जना नभई करार सेवामा कार्यरत कर्मचारीहरुको सम्बन्धमा छलफल गरी गाउँपालिकामा विभिन्न सेवा समूहमा कार्यरत करारका कर्मचारीहरुको विवरण संकलन गर्ने र अर्को वैठक मार्फत आवश्यक निर्णय लिने निर्णय गरियो। |
| २. | प्राविधिक शाखा | चालु आ.ब.२०८१/०८२ मा यस गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत ७ वटा आयोजनाहरु ठेक्का मार्फत कार्यान्वयन चरणमा लगिएकोमा उक्त आयोजनाहरुबाट रु.१०,६१,९८१/२२ (गाउँपालिकाको रु.३९९२४१/१० र स्था.पू.स.का.(LISP) को रु.६६२७४०/१२) रकम वचत भएको र विभिन्न सडक आयोजनाहरु मध्ये फूलवारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक खण्डको देउराली लिलिङ्ग खन्डमा पर्ने शिविरगैरा भन्ने स्थान अति भिरालो र कडा चट्टानयुक्त भएको कारण उक्त सडकलाई पहिलो प्राथमिकतामा राखी नयाँ ट्र्याक निर्माण गरी दोश्रो घुम्तिमा जोड्ने निर्णय गरियो। |
| ३. | भूमि व्यवस्था तथा सहकारी शाखा | गरिव परिवार पहिचान परिचयपत्र वितरण सम्बन्धमा छलफल गरी आवश्यक अभिलेख सम्बन्धी रजिस्टरहरु तयार गरी वडा सचिवलाई आ आफ्नो वडाका गरिव परिवार पहिचान परिचय पत्र उपलब्ध गराइ वितरणको व्यवस्था मिलाउनको लागि भूमि व्यवस्था तथा सहकारी शाखा प्रमुख श्री मिन वहादुर खड्कालाई निर्देशन दिने निर्णय गरियो। |
| ४. | योजना शाखा | मालिका गाउँपालिकाको वडा नं.-६ स्थित रहेको हुलाक घर जिर्ण भएको कारण प्रयोग गर्न नमिल्ने भएकोमा चालु आ.ब.मा रकम अभावको कारण मर्मत |

| | | |
|---|---|---|
| | | संभारमा समस्या भएकोले आगामी आ.ब.मा श्रोतको व्यवस्थापन गरी मर्मत संभार गर्ने गराउने निर्णय गरियो। |
| | प्रशासन शाखा | यस मालिका गाउँपालिका र ललितपुर महानगरपालिका बीच भगिनी सम्बन्ध कायम रहेको, सम्पदा संरक्षण तथा निर्माणमा ललितपुर महानगरपालिकाले रु.७० लाख भन्दा बढी रकम यस गाउँपालिकालाई उपलब्ध गराएको र उक्त रकममा गाउँपालिकाको केही रकम थप गरी मालिका-४ पिस पार्कमा मालिका मन्दिर निर्माण सम्पन्न भएको कारण उक्त मन्दिर तथा गाउँपालिकाद्वारा आयोजित शैक्षिक सम्मेलन, २०८२ को उदघाटन ललितपुर महा नगरपालिकाका प्रमुख श्री चिरिवावु महर्जन ज्यूबाट मिति २०८२/०२/०२ गतेका दिन गर्ने निर्णय गरि सो को आवश्यक तयारीको लागि योजना शाखा र शिक्षा शाखा प्रमुखलाई जिम्मा दिने निर्णय गरियो। |